सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण


Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक १९ ♦ २०८३ साल असोज ३१ शनिवार ♦ 17 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

एमालेको समर्थन फिर्ता, सङ्कटमा मधेश सरकार

खबर दर्पण समाचारदाता

असोज ३० गते, बर्दिवास



सत्ता साझेदार नेकपा एमालेले समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको मधेस प्रदेश सरकार संकटमा परेको छ । सरकार गठनका बेला भएको १५ बुँदे सहमति कार्यान्वयन नभएको आरोप लगाउँदै एमाले सरकार बाट बाहिरिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवमाथि अब सरकार जोगाउने चुनौती थपिएको हो ।

एमालेले शुक्रबार समर्थन फिर्ता लिनुका साथै सरकारमा सहभागी आफ्ना चारै जना मन्त्रीलाई राजीनामा गर इसकेको छ । एमालेको यो निर्णयले सत्ता गठबन्धनभित्र रहेका अन्य दल नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लाई समेत नयाँ राजनीतिक समीकरणबारे सोच्नुपर्ने अवस्थामा पुऱ्याएको छ ।

एमाले मधेस प्रदेश संसदीय दलका नेता सरोज यादवले प्रदेश प्रमुखलाई पत्र लेख्दै सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी गराइसकेका छन् । सरकार गठनका क्रममा सत्तारूढ दलहरूबीच भएको १५ बुँदे सहमति कार्यान्वयन नभएको भन्दै एमालेले समर्थन फिर्ता लिएको पत्रमा उल्लेख छ ।

मधेस प्रदेश एमालेका प्रमुख सचेतक हरिनारायण महतोले पार्टीले गत साउनमा गरेको १५ बुँदे सहमति कार्यान्वयन गर्न मुख्यमन्त्रीलाई पटक-पटक आग्रह गरे पनि सहमति कार्यान्वयनमा चासो नदिइएपछि सरकारबाट बाहिरिने निर्णय लिनुपरेको बताए । उनले दसैँपछि पार्टीको बैठक बसेर आगामी राजनीतिक कदमबारे ठोस निर्णय लिने जानकारी दिए । उनले सरकारबाट बाहिरिनुअघि केन्द्रसँग पनि छलफल भएको बताए ।

एमाले सरकारबाट बाहिरिएपछि अब मुख्यमन्त्री यादवले प्रदेशसभामा विश्वासको मत लिनुपर्ने अवस्था सिर्जना भएको छ । यसले सरकारको भविष्यबारे अन्योल बढाएको छ ।

सत्ता साझेदार कांग्रेसले भने एमालेको निर्णयप्रति असन्तुष्टि जनाएको छ । कांग्रेसका प्रमुख सचेतक कुँवरकान्त झाले अन्य सत्ता साझेदार दलसँग छलफल गरी अघि बढाइने उनले जानकारी दिए ।

अर्को सत्ता साझेदार नेकपाले पनि एमाले सरकारबाट बाहिरिन लागेकोबारे आफूहरूलाई केही जानकारी नभएको जनाएको छ । नेकपा संसदीय दलका नेता युवराज भट्टराईले दसैँपछि पार्टीको बैठक बसेर सरकारलाई दिएको समर्थनबारे निर्णय लिइने बताए ।

तत्काल समर्थन फिर्ता लिने वा सरकारमै रहने भन्ने विषयमा पार्टीले निर्णय गर्ने उनको भनाइ छ ।

यसैबीच, प्रदेशसभाको सबैभन्दा ठूलो दल तथा प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी (जसपा) ले भने एमालेको निर्णयलाई अस्वाभाविक नभएको जनाएको छ ।

जसपा प्रदेशसभा सदस्य एवं पूर्वमुख्यमन्त्री लालबाबु राउतले सहमति कार्यान्वयन नभएकै कारण यस्तो अवस्था आएको हुन सक्ने बताए । उनले भने, 'अबको प्राथमिकता मुख्यमन्त्रीले संवैधानिक व्यवस्थाअनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ । त्यसपछि मात्रै सरकार को भविष्यबारे स्पष्ट हुने उनले बताए ।' उनका अनुसार मधेस प्रदेशमा सबैभन्दा ठूलो दल भएकाले जसपाको भूमिका आगामी राजनीतिक समीकर

नगरी एमालेका मन्त्रीहरूले राजीनामा दिनुलाई राजनीतिक स्टन्टको संज्ञा दिए । उनले भने, 'एमालेले सरकारमा राम्रो मन्त्रालय पाएको थियो र मुख्यमन्त्रीले मन्त्रीहरूलाई काम गर्न हस्तक्षेपसमेत गरेका थिएनन् । सहमति कार्यान्वयनमा समस्या भए वार्ता र छलफलबाट समाधान खोज्न सकिने अवस्था हुँदाहुँदै एक्कासि सरकारलाई दिएको समर्थन फिर्ता लिनु उचित भएन ।'

एमालेको निर्णयले सरकारको आगामी दिशा अन्योलपूर्ण बनेको उल्लेख गर्दै झाले दसैँपछि पार्टीको बैठक बसेर यसबारे निर्णय लिने बताए । प्रदेश सरकारको विषयमा पार्टीको केन्द्रीय तहमा समेत छलफल हुने र अन्य दलसँग पनि संवाद

बाँकी पृष्ठ ३ मा



नोट : खबर दर्पणको आगामी अंक दसैं विदाको कारण कार्तिक १० गते देखि मात्र प्रकाशित हुने जानकारी गराईन्छ।-सम्पादक





खबर दर्पण
राष्ट्रिय दैनिक

प्रहरी समायोजनका लागि दशैँ, तिहारपछि सङ्घ सरकारलाई दबाब दिन्छौँ : मुख्यमन्त्री यादव

खबर दर्पण समाचारदाता
असोज ३० गते, बर्दिवास



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संविधानले प्रदेशलाई दिएको प्रहरीसम्बन्धी अधिकार कार्यान्वयनका लागि प्रहरी समायोजन प्रक्रिया शीघ्र अघि बढाउन सङ्घ सरकारलाई दबाब दिने बताएका छन् ।

नेपाल प्रहरीको ७१औँ प्रहरी दिवस २०८३ को अवसरमा मधेश प्रदेश प्रहरी कार्यालयले शुक्रबार जनकपुरधाममा आयोजना गरेको विशेष समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले दशैँ, तिहार र छठ पर्वपछि प्रहरी समायोजनका लागि सङ्घ सरकारलाई थप दबाब दिने बताएका हुन् ।

हालै विराटनगरमा सम्पन्न मुख्यमन्त्रीहरूको सम्मेलनले संविधानले व्यवस्था गरेको प्रहरीसम्बन्धी अधिकार प्रदेशमा स्थापित गर्न शीघ्र प्रहरी समायोजन गर्नुपर्ने निष्कर्ष निकालेको उल्लेख गर्दै उनले प्रदेशको शान्ति सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन प्रहरी समायोजन आवश्यक रहेको बताए ।

मुख्यमन्त्री यादवले शान्ति सुरक्षा कायम गर्न, अपराध नियन्त्रण गर्न, सडक सुरक्षा व्यवस्थापन गर्न तथा विपद्का समयमा उद्धार र राहतका काममा नेपाल प्रहरीले पुर्याउँदै आएको योगदान अतुलनीय रहेको उल्लेख गरे ।

नेपाल-भारत खुला सीमाका कारण हुन सक्ने सीमा अपराध, लागूऔषध ओसारपसार, अवैध हातहतियार तस्करी र मानव बेचबिखनजस्ता गतिविधि नियन्त्रणमा प्रहरीले थप सतर्कता अपनाउनुपर्ने उनको भनाइ थियो ।

बदलिँदो समयसँगै अपराधका स्वरूपसमेत परिवर्तन भइ रहेकाले प्रहरीलाई प्रविधिमैत्री र समयसापेक्ष बनाउनु आवश्यक रहेको उनले बताए।

प्रदेश सरकारले प्रहरीको मनोबल उच्च राख्न निरन्तर सहयोग गर्दै आएको पनि मुख्यमन्त्री यादवले उल्लेख गरे ।

कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले शान्ति सुव्यवस्था कायम गर्न र कानुनी शासनको प्रत्याभूति दिलाउन प्रहरीको भूमिका महत्त्वपूर्ण रहेको बताए ।

प्रदेशमा शान्ति सुरक्षा सुदृढ बनाउन सरकारले प्रहरीका भौतिक पूर्वाधार निर्माण तथा स्रोतसाधन व्यवस्थापनका लागि वार्षिक रूपमा बजेट र सहयोग उपलब्ध गराउँदै आएको उनले जानकारी दिए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जनताको घरदैलोसम्म पहुँच रहेको नेपाल प्रहरीले मुलुकको शान्ति सुरक्षा कायम गर्न पुर्याएको योगदान सराहनीय रहेको बताए ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले सामाजिक सञ्जालको दुरुपयोग गरी सामाजिक सद्भाव बिगार्न खोज्ने गतिविधि नियन्त्रण गर्न प्रदेशभर 'अपरेसन साइबर अपराध नियन्त्रण' कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए ।

प्रहरी दिवसका अवसरमा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी तथा विभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मान गरिएको छ । मधेश प्रदेशभर उत्कृष्ट कार्य गर्ने प्रहरी निरीक्षक विश्वम्भरनाथ साहलाई मुख्यमन्त्री यादवले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरे ।

त्यस्तै, महिला हिंसाविरुद्ध सचेतनामूलक टिकटक भिडियो निर्माणमा प्रथम भएका सप्तरीका कलाकार जुगेश्वर यादव र विपद् व्यवस्थापनमा उत्कृष्ट कार्य गरेका रौतहटको मौलापुरमा कार्यरत प्रहरी निरीक्षक भरत केसीलाई नगद तथा सम्मानपत्रसहित सम्मान गरिएको थियो ।

समारोहमा अमर प्रहरीका परिवारजन तथा ट्राफिक व्यवस्थापन र सामुदायिक प्रहरी सेवामा उल्लेखनीय योगदान पुर्याउने प्रहरी कर्मचारीलाई समेत कदर पत्र प्रदान गरिएको थियो ।

कार्यक्रमको शुरुवातमा मुख्यमन्त्री यादवले अमर प्रहरी स्मारकमा पुष्पगुच्छा अर्पण गरी कर्तव्यपालनका क्रममा ज्यान गुमाएका प्रहरीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

समारोहमा जनकपुरधाम उपमहानगरपालिकाका कार्यवाहक प्रमुख परमेश्वर साह, मधेश प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकाललगायतले प्रहरीको भूमिका र शान्ति सुरक्षा व्यवस्थापनका विषयमा मन्तव्य व्यक्त गरेका थिए ।

दशैं मेलामा श्रद्धालुका लागि सिया मेडिकेयरको निःशुल्क स्वास्थ्य शिविर

खबर दर्पण समाचारदाता
असोज ३० गते, बर्दिवास

दशैं मेलामा सहभागी हुने श्रद्धालु भक्तजनको स्वास्थ्यलाई मध्यनजर गर्दै जनकपुरधामस्थित सिया मेडिकेयर प्रालिले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

जनकपुरधाम-२ कदमचोकस्थित सिया मेडिकेयरले दशैं मेलामा आउने श्रद्धालु भक्तजनलाई लक्षित गरी आजदेखि लगातार दुईदेखि तीन दिनसम्म निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाएको हो ।

मेलामा सहभागी हुने भक्तजनलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको सिया मेडिकेयरले जनाएको छ ।

दशैंका अवसरमा शक्तिपीठ तथा मन्दिरहरूमा दर्शन र पूजाआराधना गर्न आउने श्रद्धालुको भीड बढ्ने भएकाले उनीहरूको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर शिविरको व्यवस्था गरिएको हो ।

सिया मेडिकेयरले मेलामा सहभागी हुने सम्पूर्ण श्रद्धालु भक्तजनलाई शिविरबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्य सेवाको लाभ लिन आग्रह गरेको छ ।

धार्मिक तथा सांस्कृतिक पर्वका अवसरमा श्रद्धालुको स्वास्थ्यलाई प्राथमिकता दिँदै सञ्चालन गरिएको यस पहलले मेलामा सहभागी हुने भक्तजनलाई आवश्यक स्वास्थ्य सेवा लिन सहज हुने विश्वास गरिएको छ ।

सिया मेडिकेयर प्रालि, कदमचोक, जनकपुरधाम-२ ले 'सेवा नै धर्म हो, स्वास्थ्य नै धन हो' भन्ने भावनासहित शिविर सञ्चालन गरेको जनाएको छ ।

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८७१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

एमालेको समर्थन...

णमा महत्त्वपूर्ण हुन सक्ने संकेतसमेत गरेका छन्। यद्यपि, सरकार गठनमा आफ्नो दलले दाबी गर्ने वा नगर्ने विषयमा अहिले नै टिप्पणी गर्नु हतार हुने उनको भनाइ छ।

स्रोतका अनुसार केन्द्रमा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को समीकरण रहेकाले एमालेले प्रदेशसभामा रहेका दलहरूलाई साथमा लिँदै आफ्नो नेतृत्वमा सरकार गठनको प्रयासका लागि अन्य दलहरूसँग छलफल अगाडि बढाएको छ। एमालेको समर्थन फिर्तापछि कांग्रेस र नेकपाले लिने निर्णय तथा जसपा र जनमतको आगामी रणनीतिले मधेस प्रदेशको सत्ता समीकरण निर्धारण हुने भएको छ। सहमति कार्यान्वयनको विवादबाट सुरु भएको संकट अब मुख्यमन्त्रीले विश्वासको मत जुटाउन सक्छन् कि सक्दैनन् भन्ने प्रश्नमा केन्द्रित भएको छ।

दसैँपछि हुने राजनीतिक छलफलले वर्तमान सरकारको निरन्तरता र सम्भावित नयाँ सत्ता समीकरणको दिशा तय हुने नेताहरू बताउँछन्।

गत जेठ १२ गते तीन दलबीच सहमति भएपछि नेकपा एमाले सरकारमा सहभागी भएको थियो। सरकारमा सहभागी भएको साढे पाँच महिनामै सहमति कार्यान्वयन नभएको भन्दै एमालेले समर्थन फिर्ता लिएको छ।

समर्थन फिर्ता लिएसँगै प्रदेश सरकार अल्पमतमा परेको छ। १०७ सिट रहेको मधेस प्रदेशसभामा सरकार बनाउन बहुमतका लागि ५४ सिट आवश्यक पर्छ। अहिले मधेस प्रदेशसभामा कांग्रेसको २२, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को १५, एमालेको २३, जसपाको २७, जनमतको १२ तथा संघीय समाजवादी पार्टी र राप्रपाको एक-एक सिट रहेको छ।

ढल्केवरमा आजदेखि डान्डिया उत्सव हुने

खबर दर्पण समाचारदाता

असोज ३० गते, बर्दिवास



दशैंको सातौँ दिन महासप्तमीको अवसर पारेर शनिवार देखि धनुषाको ढल्केवर मा डान्डिया उत्सव सुरु हुने भएको छ। स्थानीय दुर्गा मन्दिर को प्राङ्गणमा साँझको समयमा तीनदिने डान्डिया नृत्यको आयोजना हुन लागेको कार्यक्रम संयोजक उमेश कुमार महतोले बताए।

धार्मिक उत्सवको रूपमा आयोजना गरिएको उक्त कार्यक्रमको आवश्यक तयारी पूरा भइसकेको संयोजक महतोले बताए।

डान्डिया धार्मिक आस्था र सांस्कृतिक परम्परासँग जोडिएको लोकनृत्य हो। विशेषगरी नवरात्रको समयमा माता दुर्गाको आराधना गर्दै डान्डिया खेल्ने परम्परा छ। भारतको गुजरात क्षेत्रमा लोकप्रिय यो नृत्य पछिल्लो समय नेपालका विभिन्न स्थानमा समेत दशैं तथा दुर्गा पूजा उत्सवको आकर्षण बन्दै गएको छ।

धार्मिक मान्यताअनुसार डान्डिया माता दुर्गा र महिषासुरबीच भएको युद्धसँग जोडिएको छ। यसमा प्रयोग गरिने काठका लट्ठीलाई देवीको तरबारको प्रतीकका रूपमा लिने गरिन्छ। नृत्यले असत्यमाथि सत्य र खराब शक्तिमाथि असल शक्तिको विजयको सन्देश दिने विश्वास छ।

डान्डिया नृत्यले धार्मिक आस्थासँगै आपसी सद्भाव, सामाजिक एकता र सांस्कृतिक सम्बन्धलाई समेत प्रगाढ बनाउने विश्वास गरिन्छ। संगीतको तालमा समूहगत रूपमा खेलिने यस नृत्यले दशैंको उत्सवलाई थप उल्लासमय बनाउनुका साथै स्थानीय कला तथा संस्कृतिको प्रवर्द्धनमा योगदान पुऱ्याउँछ। साँझको समयमा आयोजना हुने कार्यक्रममा सहभागी भई स्थानीय बासिन्दाले दशैंको सांस्कृतिक उत्सवमा रमाउन आयोजकले आग्रह गरेको छ।



मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

सवारी साधनमा सीट बेल्ट लगाउनुहोस् ।

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"









जुन समाजमा छोरीको सम्मान छैन, त्यो समाज दरिद्र छ : सभामुख यादव

संजित कुमार मण्डल
असोज ३० गते, बर्दिवास



मधेश प्रदेशका समामुख रामअशिष यादवले जुन समाजमा छोरीको सम्मान छैन, त्यो समाज दरिद्र रहेको बताउनुभएको छ ।

महोत्तरी जिल्लाको पिपरा गाउँपालिका वडा नम्बर ५ लाई आज बालविवाह मुक्त वडा घोषणा कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नुहुँदै सभामुख यादवले जुन समाज, जुन प्रदेश र जुन देशमा छोरीलाई सम्मान गरिँदैन, त्यो समाज, त्यो प्रदेश र त्यो देश कहिले पनि विकास गर्न नसक्ने बताउनुभएको थियो ।

उहाँले अहिले हाम्रो समाजमा छोरा र छोरीबीच ठूलो विभेद भइरहेको र छोरालाई प्राथमिकता दिने प्रचलन बढ्दै गएको अवस्थामा छोरी कसैलाई नचाहिने तथा बुहारी सबैलाई चाहिने अवस्थामा छोरीलाई सम्मान र समान अवसर दिनुको विकल्प नरहेको बताउनुभयो । उहाँले त्यसैले मधेश प्रदेश सरकारले छोरीको सम्मान र समानतालाई ध्यानमा राख्दै मधेश प्रदेश सरकारको लोकसेवामा छोरा र छोरी दुवैलाई ५० प्रतिशतको अवसर प्रदान गरिएको बताउनुभयो । मधेश प्रदेश सरकारले गरेको यो व्यवस्था संघीय सरकारले समेत नगरेको समामुख यादवले बताउनुभयो ।

त्यसैले छोरा र छोरीमा विभेद नगरेर दुवैलाई समान अवसर र सम्मान प्रदान गर्न सबैलाई आग्रह गर्नुभयो ।

सेभ द चिल्ड्रको सहयोगमा र तौली युवा क्लवले आयोजना गरेको पिपरा गाउँपालिका वडा नम्बर ५ लाई बालविवाह मुक्त वडा घोषणा कार्यक्रममा पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादव, रतौली युवा क्लवका कार्यकारी निर्देशक वैद्यनाथ चौधरी लगायतका वक्ताहरुले बालविवाह मुक्त अभियानले यस वडाका साथै समग्र पालिकाको बालबालिकाहरुले स्वास्थ्य, शिक्षा र समग्र विकासमा ठूलो टेवा पुगेको बताउनुभयो ।

वडा नम्बर ५ मा जम्मा ८०६ घरधुरीमा ६ हजार ८५५ जनसंख्या रहेकोमा १ हजार ५०५ बालक र १ हजार ३४९ बालिका रहेका छन् । यस वडामा विद्यालय जाने उमेरका सत प्रतिशत बालबालिकाहरु विद्यालय जाने गरेका छन् भने विगत तीन वर्षको अवधीमा बालविवाहलाई न्युनिकरण गर्दै शुक्रवार बालविवाह मुक्त वडा घोषणा गर्न सफल भएको हो ।

महोत्तरीको जलेश्वरमा विशाल कलश यात्रा गर्दै बेल निमन्त्रण कार्यक्रम सम्पन्न

खबर दर्पण समाचारदाता
असोज ३० गते, बर्दिवास



दुर्गा पूजाको षष्ठी तिथिका दिन शुक्रबार महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा विशाल कलश यात्रा गर्दै बेल निमन्त्रण कार्यक्रम सम्पन्न गरिएको छ । बेल निमन्त्रण कार्यक्रमलाई मैथिली तथा मिथिला संस्कृतिमा 'बेलनेउती' कार्यक्रम भनिन्छ । जलेश्वरको दुर्गाचौक र शंकर चौक गरी दुई स्थानमा हुने दुर्गापूजा स्थलबाट छुट्टाछुट्टै बाजा, गाजा र दुर्गा भवानीको नाचगान तथा झाँकीका साथ बेल निमन्त्रणका लागि कलश यात्रा निस्केको थियो ।

यसका साथै सोही कलश शोभा यात्रामा मिथिलाको प्रख्यात झिझिया नृत्य र नटराज नृत्यको टोली पनि झिझिया र नटराज नृत्य प्रस्तुत गर्दै सहभागिता जनाएका थिए ।

जलेश्वरको दुर्गाचौकबाट मात्रै ५ हजार १०० कुमारी कन्याले हातहातमा घैंटा बोकी कलश शोभा यात्रामा सहभागी भएको दुर्गापूजा समितिका अध्यक्ष शिवचन्द्र चौधरीले बताउनुभयो ।

त्यस्तै शिव तथा दुर्गापूजा समिति शंकरचौकबाट पनि ७ हजार १२५ कुमारी कन्याहरुले कलश शोभा यात्रा तथा बेल निमन्त्रणा कार्यक्रममा सहभागिता जनाएको पूजा समितिका अध्यक्ष जीतेन्द्र साहले बताउनुभयो ।

दुर्गाचौकबाट निस्केको कलश यात्राले साहुजीपट्टी, शंकरचौक, अस्पतालचौक, जिरोमाईलचौक, बुद्धिजीविचौक हुँदै खानेपानीको कार्यालयमा रहेको बेलको रुखमा गएर बेल निमन्त्रणा कार्यक्रम सम्पन्न गरेको छ ।

त्यस्तै शंकरचौकबाट निस्केको कलश यात्राले मिनाबजार, दुर्गाचौक, अस्पतालचौक हुँदै विद्युत प्राधिकरणको प्राङ्गनमा रहेको बेलको रुखका गएर बेलपूजा गर्दै बेल निमन्त्रणा सम्पन्न गरेको छ ।

बेलको रुखमा पूजारीले एउटा बेललाई विशेष पूजा गरी शनिवार एका बिहानै तोडेर लैजाने गरी माता दुर्गा भवानीलाई पूजा ग्रहण गर्न आउन भनी कपडाले छोपेर रुखमै लागेको बेललाई निमन्त्रणा दिइन्छ । र सोही अनुसार पूजारीले एका बिहानै बेल लगेर सबभन्दा पहिले देवीको प्रतिमालाई बेल देखाउँदै उनको आँखा उघार्ने गर्दछ । त्यसपछि देवी दुर्गाको पूजा आजा र बली प्रदान कार्यक्रम विधिवत शुरु हुन्छ ।

बेलको रुखमा माता दुर्गाको बास भएको भन्दै बेल निमन्त्रणा कार्यक्रममा उनलाई पूजा स्वीकार गर्न माटोले बनाएको प्रतिमा स्थलमा आउन भनी निमन्त्रणा दिने प्रचलन रहेको पंडित ललित झाले बताउनुहुन्छ ।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०६७।१२।०१ मा दर्ता भएको प्रा.लि.नं.८१४८५ भएको एम.आर. सब रेमिट एण्ड कम्युनिकेशन (प्रा.ली.) को २०८३।०६।३० मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमान्डौ
सम्पर्क नम्वरः९८४३२४५९८२



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,